# कारागार कार्यालय झुम्का सुनसरीको नागरिक बडापत्र (CITIZEN CHARTER )

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कै |
|---|---|---|---|---|---|---|
| 1. न्यायिक तथा अर्धन्यायिक निकायहरुको आदेशले कारागारहरुमा आउने थुनुवा, कैदी बन्दीहरुको अभिलेख राख्ने । | थुनामा पठाउने निकायको स्पष्ट आदेश हुनुपर्ने । | नि:शुल्क | तुरुन्त | कारागार प्रशासक | प्र.जि.अ. | |
| 2 वन्दीहरुको सिदा सुविधा | | | | | | |
| (क) बन्दीलाई<br>(१) प्रतिदिन मोटो चामल वा पिठो सातसय ग्राम वा सो बराबरको नगद रकम र असी रुपैयाँ, स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “मोटो चामल भन्नाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले निर्धारण गरेको मोटो चामलको मूल्यमा प्राप्त हुने चामल सम्झनुपर्छ<br>(२) प्रत्येक वर्ष चाडपर्व खर्च बापत एकमुष्ट पाँचसय रुपैयाँ । | बन्दीको अभिलेख | नि:शुल्क | नियमित रुपमा | कारागार प्रशासक | प्र.जि.अ. | |
| (ख) नाबालकलाई ः<br>(१) सात महिनादेखि एक वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो एकसय ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ,<br>(२) एक वर्षभन्दा माथि तीन वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो एकसय पचास ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ,<br>(३) तीन वर्षभन्दा माथि पाँच वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो दुईसय ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ,<br>(४) पाँच वर्षभन्दा माथि सात वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो दुईसय पचास ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ,<br>(५ सात वर्षभन्दा माथि बाह वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो चारसय पचास ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ,<br>(६) बाह वर्षभन्दा माथि अठार वर्षसम्मको लागि प्रतिदिन चामल वा पिठो छसय ग्राम वा सो बराबरको नगद रकम र पचास रुपैयाँ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ग) गर्भवती र सुत्केरीलाई<br>(१) मसिनो चामल प्रतिदिन सातसय ग्राम वा सो बराबरको नगद रकम,<br>(२) घ्यू प्रतिदिन एकसय ग्राम वा सो बराबरको नगद रकम,<br>(३) खाने तेल प्रतिदिन एकसय मिलिलिटर वा सो बराबरको नगद रकम,<br>(४) ज्वानो प्रतिदिन पचास ग्राम वा सो बराबरको नगद रकम,<br>(५) कोरा कपडा एक सुत्केरी अवधिको लागि दश मिटर,<br>(६) साधारण राडी÷कम्बल एक सुत्केरी अवधिको लागि एक थान, सुत्केरी खर्च रु 2000 । | | | | | | |
| 3. बन्दीहरुका लागि लत्ता कपडा उपलब्ध गराउने ।<br>वैशाख र कार्तिकमा गरी वर्षको 2 पटक लगाउने कपडा ।<br>2 वर्षमा 1 पटक ओढ्ने ओछ्याउने कपडा पाउने। | बन्दीको अभिलेख | नि:शुल्क | तोकिएको निर्दिष्ट समयमा वितरण हुने । | कारागार प्रशासक | प्र.जि.अ. | |
| 4. बन्दीहरुलाई स्वास्थ्योपचार, मनोरञ्जन, शिक्षा, सदाचार,सिपविकास समेतका अवसर दिलाउने । | बन्दीको अभिलेख | नि:शुल्क | स्वास्थ्योपचार तुरुन्तै र अन्य आवश्यकता अनुसार। | कारागार प्रशासक | विभाग | |
| 5. बन्दीगृह लगायत भौतिक संरचनाको निर्माण, मर्मत संभारको प्रवन्ध । | बन्दीगृह र भौतिक अवस्थाको स्पस्ट स्थितिका आधारमा | आवश्यक्ता अनुसार | नियमित रुपमा | सम्वन्धित कारागार प्रशासन | विभाग | |
| 6. (क) बन्दीहरुको शतप्रतिशत कैद मुक्त भएको आदेश दिने । | कारागार प्रशासकबाट प्रमाणित भै आएको छुट पाउने सिफारिस । | नि:शुल्क | 7 दिन अगावै कारागार कार्यालयले विभागमा पठाउनुपर्ने । | कारागार प्रशासक, प्र.जि.अ. | विभाग | |
| (ख) राष्ट्रिय पर्व तथा अन्य महत्वपूर्ण उत्सवहरुको उपलक्ष्यमा हुने कैद माफी मिनाहा तथा छुट । | बन्दीहरुको अभिलेखको आधारमा असल चालचलन सहितको सम्वन्धित कारागार प्रशासक रप्रजिअको सिफारीस सहितका कागजातहरु | नि:शुल्क | बन्दीहरुको अभिलेखको | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7. बन्दीहरुको सामूहिक माग, निवेदन आदि सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । | कारण सहित कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस सहितका कागजातहरु | नि:शुल्क | कारागार प्रशासक र प्र.जि.अ. को सिफारीस सहितका कागजातहरु | निर्देशक | महानिर्देशक | |
| 8. बाल बिज्याईका एवं बन्दीका साथमा रहेका आश्रित हरुलाई क्रमशः बालसुधार गृहमा राख्न संस्थाहरुसँग सम्पर्क र समन्वय गरी आवश्यक व्यवस्था गर्ने । | कारागार प्रशासक र र प्र.जि.अ. को सिफारीस सहितका कागजातहरु | नि:शुल्क | कारागार एन र नियमावली | कारागार प्रशासक | जिल्लामा प्र.जि.अ. र विभागमा महानिर्देशक | |
| 9, बन्दीका आफन्त, मित्रहरु, कानून व्यवसायीहरु तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिसमेतलाई बन्दीहरुसँग भेटघाटको व्यवस्था मिलाउने । | कारागार नियमावली एवं नेपाल सरकारले तर्जुमा गरेको नीति निर्देशन अनुरुपको प्रक्रिया पुप्याउनुपर्ने । | नि:शुल्क | सम्वन्धित व्यक्तिको निवेदन /कारण सहितको कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | कारागार प्रशासक | प्र.जि.अ. | |
| 10. कारागारमा रहेका बन्दिहरुको स्थानान्तरण । | सम्वन्धित व्यक्तिको निवेदन/कारण सहितको कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | नि:शुल्क | | कारागार प्रशासक /प्र.जि.अ. | महानिर्देशक | |